# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प.सं. २०८०/८१
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

## स्थानीय राहत अनुदान शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८१

### (तेस्रो पटक प्रकाशित सूचना २०८१/०२/२१)

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०९/२३ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगत आधारभूत (कक्षा ६-८) तपसिलको विषय र संख्यामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| आधारभूत तह (६-८) | | |
|---|---|---|
| विज्ञापन नं. | १०६/०८०/८१ | कैफियत |
| विद्यालय हरु↘विषयहरु↗ | गणित | |
| श्री राष्ट्रिय मावि ठिङ | १ | |
| जम्मा | १ | |

१. परीक्षाको किसिम: लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तर्वार्ता

२. परीक्षा सञ्चालन : i) आधारभूत (कक्षा ६-८) तहका लागि लिखित (सामान्या) परीक्षा सञ्चालनहुने मिति र समय क्रमश: मिति २०८१/०२/२८ गते बिहान ११:०० बजे र दिउँसो १:०० बजे

ii) लिखित (विषयगत) परीक्षाको मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ ।

iii) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित (विषयगत) परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

३. परीक्षा केन्द्र: शंकरपुर मावि पस्तीमा हुनेछ ।

४. दरखास्त दस्तुर: आधारभूत तह ६-८ को लागि रु ७००(सात सय मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Facebook: facebook.com/mrmdarchula
Email:-mrmdarchula@gmail.com
Contact: ९८५८७८४५१३, ९८५८७८४५१२

शिक्षा, स्वास्थ्य र रोजगार: समृद्ध मालिकार्जुनको आधार

CamScanner

५. पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

६. दरखास्त दिने अन्तिम मिति :२०८१/०२/२७ गते कार्यालय समयभित्र ।

७. उमेद्वारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर मालिकार्जुन गाउँपालिका अन्तर्गतका सामुदाइक विद्यालयमा विद्यालयले नै नियुक्ति दिई हालसम्म अविछिन्न रुपमा काम गरिरहेकाहरुको हकमा पहिलो पटकको लागि उमेर हद लाग्ने छैन ।

८.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

घ. नेपाली नागरिक

ङ. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको।

च. आधारभूत तह (कक्षा ६-८) का लागि मान्यता प्रप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालम प्रप्त गरेको र माध्यमिक (कक्षा ९-१०) तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको । तर गणित र विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको उम्मेदवार हुन सक्नेछन् ।

९. पेश गर्नु पर्ने कागजातहरु

छ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ज. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

झ. अध्यापन अनुमति पत्रको प्रतिलिपि

ञ. तालिमको प्रमाणपत्रको प्रतिलिपि

ट. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र)

ठ. मालिकार्जुन गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुमा विद्यालयले नियुक्ति दिई हालसम्म अविछिन्न रुपमा कार्यरत ४० वर्ष नाघेका शिक्षकहरुको हकमा विद्यालय व्यवस्थापन समितिले

प्रमुख प्रशासकीय अधिकृत

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

प.सं. २०८०/८१
च.नं.

निजलाई नियुक्ति गर्दाको निर्णयको प्रमाणित प्रतिलिपि,नियुक्ति पत्रको प्रतिलिपि र सम्बन्धित विद्यालयबाट अविछिन्न रुपमा हालसम्म सेवा गरिरहेको प्रमाणित पत्र ।

ङ. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लेख भएबमोजिम हुनेछ ।

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा सूचना वेबसाइटमा राखिदिन हुन ।

प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Facebook: facebook.com/mrmdarchula
Email:-mrmdarchula@gmail.com
Contact: ९८५८७८४५१३, ९८५८७८४५१२